**लोक सेवा आयोग**

**नेपाल वायुसेवा निगम, प्रशासन, सामान्य प्रशासन, छैठौं, अधिकृत पदको**

**प्रतियोगितात्मक लिखित परीक्षा**

**२०७५।०२।०५**

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

**विषय : सेवा सम्बन्धी**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** **५० अङ्क**

१. सार्वजनिक प्रशासनको अर्थ स्पष्ट पार्दै प्रशासनका नवीनतम् अवधारणाहरूको संक्षिप्त जानकारी गराउनुहोस् । ३+७=१०

२. नेपाल नागरिक उड्डयन प्राधिकरणको मौजुदा संगठन संरचनाको जानकारी गराउँदै नागरिक उड्डयन प्राधिकरणको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् । ५+५=१०

३. निर्णय भन्नाले के बुझिन्छ ? उचित र सही निर्णय गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ? उल्लेख गर्दै निर्णय प्रकृयाको बारेमा जानकारी दिनुहोस् । २+४+४=१०

४. "As the challenge escalates, the need for teamwork elevates" भन्ने भनाइलाई नेपालको संगठनात्मक व्यवहार र समूह कार्यको कसीबाट समीक्षा गर्नुहोस् । १०

५. नेपालको संविधानमा मौलिक हकहरूको व्यवस्था किन गरिएको हो ? स्पष्ट पार्दै मौलिक हक अन्तर्गत सामाजिक न्यायको हक सम्बन्धमा संविधानमा के-कस्तो व्यवस्था छ ? उल्लेख गर्नुहोस् । ४+६=१०

**खण्ड "ख"** **५० अङ्क**

६. विपद् (दैवी प्रकोप) व्यवस्थापन भन्नाले के बुझिन्छ ? प्रकाश पार्नुहोस् । विपद् व्यवस्थापनको लागि विद्यमान् कानूनी व्यवस्थापनको संक्षिप्त जानकारी गराउँदै नेपालमा विपद् व्यवस्थापनमा देखिएका समस्याहरू र समाधानका उपायहरू उल्लेख गर्नुहोस् । ३+६+६=१५

७. सार्वजनिक-निजी साझेदारी (PPP) को अवधारणा स्पष्ट पार्दै नेपाल सरकार, संगठित सार्वजनिक संस्था र स्थानीय तहले यो अवधारणा अनुरूप आयोजनाको स्वरूप निर्धारण गर्दा कस्तो विशेषता भएका आयोजना कार्यान्वयनमा ल्याउनुपर्ला ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् । १५

८. निजी क्षेत्रका विभिन्न वायुसेवा कम्पनीहरूसँग तुलना गर्दा नेपाल वायुसेवा निगमको अवस्था दिन प्रतिदिन खस्कँदै गएको भन्ने भनाइ सुनिन्छ । यस परिप्रेक्ष्यमा नेपाल वायुसेवा निगमको वर्तमान् अवस्था, यसले भोगिरहेको समस्या र आगामी दिनमा गर्नुपर्ने सुधारका लागि सुझाव प्रस्तुत गर्दै सुझाव कार्यान्वयन गर्ने कार्ययोजना प्रस्तुत गर्नुहोस् । ४+६+५+५=२०

:: समाप्त ::

Scanned by CamScanner